का.जि.प्र.का.द.नं. १००/०५९/६०

३० जेठ २०८०,
मंगलबार
13 June 2023,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न


वर्ष २१, अंक १३८ । पृष्ठ १०    Madhyanha National Daily    www.madhyanhadaily.com



पूर्वी रुकुमको सिस्ने गाउँपालिका-१ सिस्ने गाउँका स्थानीय बाख्रा चराउँदै । यो याममा लेकमा प्रशस्त घाँस पलाउने भएकाले पशु चौपायालाई अस्थायी गोठ बनाएर लेकमै राख्ने गरिन्छ । ***तस्वीरः कुलदीप न्यौपाने, रासस***


# मध्यावधि रोक्न राप्रपालाई मुख्यमन्त्री अफर

कोशी प्रदेशमा नयाँ सरकार गठनका लागि नयाँ सत्ता समीकरणको गृहकार्य अगाडि बढेको छ । कांग्रेस र माओवादी केन्द्रले राप्रपालाई आफूहरुको गठबन्धनमा सहभागी भए अन्तिम एक वर्ष मुख्यमन्त्री दिने अफर गरेका छन् । राप्रपाले भने पुरै कार्यकालको लागि दाबी गरेको छ ।



राप्रपाको एउटै सर्त छ- कांग्रेस र माओवादी केन्द्रले ४ वर्षका लागि मुख्यमन्त्रीमा समर्थन गर्ने लिखित प्रतिबद्धता जनाउनुपर्‍यो । अन्तिम एक वर्ष राप्रपालाई दिने भनेर हुँदैन ।

**भक्तिप्रसाद सिटौला**
**संसदीय दलका नेता, कोशी प्रदेश राप्रपा**




**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २९ जेठ ।

**कोशी प्रदेश**

संघीय सरकारको गठबन्धन अनुसार ६ प्रदेशमा सरकार र मुख्यमन्त्री परिर्वतन भए । तर, अंक गणितका कारण कोशी प्रदेशमा सरकार बदलिएको छैन् । नयाँ सरकार बनाउन कांग्रेस, माओवादी केन्द्रको गठबन्धनले नयाँ सरकार बनाउन राप्रपाको समर्थन खोजेको छ । कांग्रेस र माओवादीले केन्द्रले आफूहरुको गठबन्धनमा सहभागी भए अन्तिम एक वर्ष मुख्यमन्त्री दिने अफर गरेका छन् । राप्रपाले भने पुरै कार्यकालको लागि दाबी गरेको छ । ९३ सदस्यीय प्रदेशसभामा बहुमतका लागि ४७ सांसद चाहिन्छ । एमालेका ४० र राप्रपाका ६ गरी ४६ सदस्य एकातिर छन् । कांग्रेस, माओवादीसहितका गठबन्धन दलसँग पनि ४६ सदस्य छन् ।

कोशी प्रदेशको सत्ता समीकरण परिर्वतन नहुनुको मुख्य कारण यही अंकगणित हो । एमालेका ४०, कांग्रेसका २९, माओवादी केन्द्रका १३, राप्रपाका ६, नेकपा एकीकृत समाजवादीका ४ र जसपाका १ सांसद छन् ।

एमाले र राप्रपा मिल्दा सांसद संख्या ४६ हुन्छ । यस्तोमा उक्त गठबन्धनलाई सरकार बनाउन एक सिट नपुग्ने देखिन्छ । कांग्रेस र माओवादी सहितको गठबन्धनमा सरकार बन्ने अवस्थामा सभामुख बाबुराम गौतमले सोही गठबन्धनका उम्मेदवारलाई मत दिन सक्छन् । तर अर्को गठबन्धनले ४६ सांसदको समर्थन देखाएन भने सभामुखले निर्णायक मत दिन पाउने छैनन् । उक्त दिनमा कुनै एक सांसद अनुपस्थित भएमा सरकार नवन्ने अवस्था सिर्जना हुँदै सरकार आफैं विघटनमा जान्छ । अनि दोस्रो पटक यही प्रदेशका लागि मात्र निर्वाचन गरेर नयाँ प्रतिनिधि चयन गर्नुपर्ने हुन्छ ।

राजीनामा दिएको अवस्थामा भने सभामुखले पनि मत दिन पाउँछन् तर त्यसरी बनेको सरकारले >>> पृष्ठ २ मा

# सामाजिक सञ्जालमा लगामको तयारी

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २९ जेठ ।

केही समयअघि ओखलढुंगाकी एक प्रधानाध्यापकले उच्छृंखल भिडियो बनाएर हालेपछि उनको सामाजिक सञ्जालमा आलोचना भयो । समाजलाई मार्गदर्शन गर्ने शिक्षक आफैँले टिकटकमा विद्यालयको बैठकदेखि अशोभनीय हर्कत गरेको भन्दै उनलाई पत्र पनि काटियो ।

केही समय अगाडि सरकारी पोशाक लगाएर ४ जना महिला कर्मचारीले उच्छृंखल भिडियो टिकटकमा हालेको भन्दै उनीहरुको चौतर्फी आलोचना भएको थियो । तत्पश्चात्, उनीहरुले माफी माग्दै भिडियो टिकटकबाट हटाएका थिए ।

ओखलढुंगा र काठमाडौंको घटना प्रतिनिधि घटना मात्रै हुन् । पछिल्लो समय सामाजिक सञ्जाल दुरुपयोग गर्नेको संख्या उच्च देखिन थालेको छ । सामाजिक सञ्जालमा अपशब्द लेख्ने, व्यक्तिको भिडिया, फोटो काटेर चरित्रहत्या गर्ने, ब्याल्कमेल गर्ने, फेसबुक ह्याक गरेर पैसा माग्ने आदि कार्य बढ्दै गएपछि सरकारले पनि यसमा लगाम लगाउने प्रयत्न गरेको छ । जसका लागि सरकारी कार्यालयसँग सम्बन्धी अपवाह फैलाउने फोटो, भिडियो सामाजिक सञ्जालमा नराख्न पनि सरकारले निर्देशन गरेको छ ।



'कार्यालयसँग सम्बन्धित कामबारे पनि टिकटक नबनाउन हामीले निर्देशन दिएका छौं, यदि निजामती कर्मचारीले यस्ता नियम उल्लङ्घन गरेको पाइएमा अनुशासन नियमअन्तर्गत कारबाही हुनेछ' संघीय मामिला मन्त्रालयका प्रवक्ता कमलप्रसाद भट्टराईले बताए । उनले निजामती कर्मचारी उच्छृङ्खल भएको भन्दै गुनासो आएकाले उक्त कदम चालिएको बताएका हुन् ।

निजामतीतर्फ मात्रै होइन, प्रहरी प्रधान कार्यालयले पनि विज्ञप्ती जारी जथाभावी सामाजिक सञ्जालको प्रयोग गर्ने कर्मचारीलाई कारबाही गर्ने चेतावनी दिएको छ । 'सामाजिक सञ्जालको व्यवस्थित प्रयोग गर्ने गाइडलाइन विपरीत फेसबुक, ट्वीटर, यु-ट्युव, टिकटक लगायतमा पोष्ट, सेयर, ट्याग, कमेन्ट, लिंक सेयर, ट्वीट तथा रि-ट्वीट नगर्ने भनी पटकपटक जानकारी गराउँदासमेत हालसम्म पनि केही प्रहरी कर्मचारीले प्रहरी पोशाक प्रयोग गरी कार्यालय, ब्यारेक, कार्यकक्ष लगायत क्षेत्रमा यस्ता क्रियाकलाप गरेकाले यस महाशाखाको गम्भीर ध्यानाकर्षण भएको छ ।

गाइडलाइन विपरीतको कार्यमा संलग्न कर्मचारी उपर हदैसम्मको विभागीय कारबाही गर्न/गराउन निर्देशानुसार अनुरोध गरिएको छ' जारी निर्देशनमा भनिएको छ । पटकपटक परिपत्र गर्दा पनि प्रहरी कर्मचारीले फेसबुकमा भिडियो पोष्ट गर्ने, टिकटक बनाउने ट्वीटरमा जथाभाबी कमेन्ट गर्ने लगायतका कार्यहरू गरेपछि पदबाटै निलम्बन गर्ने चेतावनी प्रहरी प्रधान कार्यालयले दिएको हो ।

सामाजिक सञ्जालको बढ्दो प्रयोगसँगै फेसबुक, टिकटकमा जथाभावी भिडियो राख्ने, अपशब्द बोलेर कमेन्ट गर्ने क्रम बढिरहेको छ । सो गतिविधिलाई रोक्न सरकारले केही कदम चाल्ने कोशिस गरेपनि सामाजिक सञ्जालको दुरुपयोग भने झनै बढेको छ ।

# प्युठानमा कार दुर्घटना ८ जनाको मृत्यु



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २९ जेठ ।

प्युठानमा कार दुर्घटना हुँदा ८ जनाको मृत्यु भएको छ । स्वर्गद्वारी दर्शन गरेर फर्कंदै गरेका तीर्थयात्रीहरु रहेको कार दुर्घटनामा परेको हो । लु १ च ६३४५ नम्बरको कार स्वर्गद्वारी नगरपालिका नजिकै टाकुरामा दुर्घटना हुँदा कारमा सवार ८ जनाकै मृत्यु भएको प्रहरीले जनाएको छ ।

कारमा २ महिला, २ पुरुष र ४ जना बालबालिका सवार थिए । उपल्लो घुम्तीबाट कार अर्को घुम्तीमा खसेको थियो । गाडीमै च्यापिएका सबैलाई डोजरको प्रयोग गरी निकालिएको थियो ।

दुर्घटनामा दाङ तुलसीपुर उपमहानगरपालिका १५ बस्ने ३५ वर्षीय सरिता शर्मा पोखेल, उनका छोराहरू १४ वर्षीय विशाल पोखेल र ९ वर्षीय विकास पोखेल, लमही नगरपालिका ५ का ४९ वर्षीय ताराबहादुर कुमाल, लमही ७ का ४० वर्षीय गोविन्द शाह, उनकी श्रीमती ३० वर्षीय राधा शाह र उनका छोरा ९ वर्षीय आदित्य शाहको दुर्घटनामा मृत्यु भएको प्रहरीले जनाएको छ ।

यस दुर्घटनाप्रति प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले दुखः व्यक्त गरेका छन् । सोमाबार साँझ सामाजिक सञ्जालमार्फत उनले मृतकहरुप्रति श्रद्धान्जली अर्णय गरेका छन् ।

## वैदेशिक रोजगार विशेष

### संघ र महासंघद्वारा सचिव अर्यालको बिदाइ

# रोजगार गन्तव्य परिवर्तनका लागि मिहेनत गर्न सुझाव

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ जेठ



श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका निवर्तमान सचिव एकनारायण अर्यालले नेपालको वैदेशिक रोजगारलाई परम्परागत गन्तव्य (खाडी र मलेसिया) परिवर्तन गरी युरोपेली मुलुकमा पुऱ्याउन जरुरी रहेको बताएका छन् ।

आफ्नो बिदाइ तथा सम्मानमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघ, नेपाल स्वास्थ्य व्यवसायी महासंघ तथा मन्त्रालयका कर्मचारीद्वारा सोमबार आयोजित छुट्टाछुट्टै कार्यक्रमलाई सम्बोधन गर्दै सचिव अर्यालले उक्त धारणा राखेका हुन् ।

दैनिक २५ सयको संख्यामा वैदेशिक रोजगारीमा जाने यथार्थलाई स्वीकार गरेर सुधारका कामलाई बिना विलम्ब अघि बढाउनुपर्ने आवश्यकता औंल्याउँदै सचिव अर्यालले वैदेशिक रोजगार क्षेत्रलाई ठगीमुक्त गरी प्रविधियुक्त बनाउन पनि त्यत्तिकै जरुरी रहेको बताए ।

२०७८ वैशाख १५ गतेदेखि श्रम मन्त्रालयको जिम्मेवारी सम्हालेका सचिव अर्यालको गत हप्ता प्रधानमन्त्री कार्यालयमा सरुवा भएको हो । सचिव अर्यालले प्रधानमन्त्री कार्यालयमा काम गर्दासमेत आफूले वैदेशिक रोजगार क्षेत्रमा गर्नुपर्ने सुधारका पक्षमा प्राथमिकताका साथ काम गर्ने बताए ।

उनले भने, 'वार्षिक ५ लाख जनशक्ति श्रम बजारमा आइरहेको छ, आन्तरिक रोजगारीको अभाव छ, यस्तो अवस्थामा परम्परागतरुपमा काम गरेर हुँदैन, यस बारेमा मन्त्रालयमा सरुवा भएर आउनुभएका नयाँ सचिवलाई पनि ब्रिफिङ गर्ने छु । व्यवसायीले पनि उहाँसँग समस्या समाधानका लागि सहकार्य गर्नुहोला ।'

वैदेशिक रोजगार ऐनले प्रत्येक पटक व्यवसायी र कर्मचारीबीच भेटघाट र अनुचित लेनदेन गर्ने अवस्था सिर्जना गरेको भन्दै सचिव अर्यालले त्यसलाई नियन्त्रण गर्न वैदेशिक रोजगार क्षेत्रलाई पेपरलेस, क्यासलेस र फेसलेस बनाउन कदम चालेको बताए । उनले भने, 'जमाना धेरै अघि बढिसकेको छ, हामी २०६४ सालकै पुरानो ऐन पक्रेर बसेका छौं, >>> पृष्ठ २ मा

# कामु प्रधानन्यायाधीशको उजुरीमाथि बुधबारदेखि छलफल

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ जेठ



कायममुकायम प्रधानन्यायाधीश हरिकृष्ण कार्कीमाथिको उजुरीउपर बुधबारदेखि छलफल हुने भएको छ। संघीय संसद्‌को संसदीय सुनुवाइ समितिको सोमबार बसेको बैठकले उनीमाथिका उजुरीउपर यही जेठ ३१ गते छलफल गर्ने निर्णय गरेको हो । समितिका ज्येष्ठ सदस्य पशुपति शम्शेर जबराको अध्यक्षतामा बसेको बैठकबाट कामु प्रधानन्यायाधीश कार्कीका सम्बन्धमा विभिन्न २९ उजुरी परेका जनाइएको छ ।

कार्कीविरुद्ध एक जना बहालवाला न्यायाधीशको उजुरी परेको छ भने ७ जना अधिवक्ता, ३ जना अधिकारकर्मी लगायतले उजुरी गरेका छन्। जिल्ला न्यायाधीश श्रीकृष्ण भट्टराईका साथै अधिवक्ताहरू अमृत खरेल, यादव कोइराला, ध्रुवबहादुर श्रेष्ठले उजुरी गरेका छन्। यस्तै अभियन्ता रतन भण्डारीसहितका व्यक्तिहरूले कार्की प्रधानन्यायाधीश लागि योग्य नभएको दाबी गर्दै उजुरी गरेका छन्।

कार्कीविरुद्ध आर्थिक पाटोका साथै कानुनी पाटोको विषयमा उजुरी परेको सचिवालयले जनाएको छ। समितिले गत जेठ १६ गते १० दिनको समय दिएर उजुरी आह्वान गरेको थियो । जसमध्ये ५ वटा उजुरी इमेल मार्फत आएको र अरु उजुरी लिखित रूपमा कार्यालयमा आएको छ ।

समितिको बैठकमा उक्त उजुरी समितिका सदस्यलाई वितरण गरेको छ भने सदस्यले मंगलबार अध्ययन गरेपछि बुधबार बैठक राखेर उजुरीकर्तालाई बोलाइ छलफल गर्ने जनाइएको छ। समितिले जेठ ३२ गते कामु प्रधानन्यायाधीस कार्कीलाई बैठकमा बोलाएर सुनुवाइ प्रक्रिया टुंग्याउने तयारी गरेको छ। सोमबारको बैठकले समितिको बैठक कार्यविधि परिमार्जनसहित पारित गरेको छ ।

# गुरुङद्वारा शिक्षा र समाजसेवाका लागि अक्षयकोषमा १५ लाख सहयोग

**कास्की/मस-** वरिष्ठ समाजसेवी तथा संस्कार समाज नेपालकी अध्यक्ष पशुपति गुरुङले अक्षयकोषका लागि १५ लाख रुपैयाँ सहयोग गरेकी छन्। उनले आफ्नी स्व. आमा चिसकुमारी गुरुङको नाममा संस्कार समाज नेपालको अक्षयकोषमा ५ लाख रुपैयाँ प्रदान गरेकी छन् । उनले गत वर्ष आफूले माध्यमिक शिक्षा लिएको विद्यालय श्री मेश्रम बराह मा.वि., घान्द्रुकलाई आफ्ना पितृहरुको नाममा ५ लाख रुपैयाँ प्रदान गरेकी थिइन् भने आइतबार आफ्नी ममतामयी सासुआमा शिरकुमारी गुरुङको नाममा आफ्ना श्रीमान बुद्धिप्रसाद गुरुङले अध्ययन गरेको माछापुच्छे गाउँपालिका घलेलगाउँमा रहेको श्री बम बहादुर आधारभूत स्कुललाई अक्षयकोषका लागि ५ लाख रुपैयाँ प्रदान गरिन्।




संस्कार समाज नेपालमार्फत देशव्यापी सचेतना अभियान सञ्चालित गरिरहकी गुरुङले निरन्तररुपमा समाजसेवामा योगदान गरिरहेकी छिन् । दुई दशकभन्दा बढी समय प्रवासमा बिताएकी गुरुङले प्रवासमा आफूले सिकेका संस्कारलाई नेपालमा लागू गर्ने उद्देश्यले विगत ६ वर्षदेखि सञ्चालन गरेको कार्यक्रमलाई हालै सरकारले अनुमोदन पनि गरेको छ।

गुरुङको परिकल्पनामा अहिले सरकारले सार्वजनिक यातायातमा अडियो सामग्री तथा सरसफाइलाई अनिवार्य गर्ने निर्णय गरेको छ । यसका लागि संस्कार समाज नेपालले आफ्नै लगानीमा सार्वजनिक सवारीका लागि सचेतना अडियो पेन ड्राइभ १५०० प्रति तथा डष्टविनहरु वितरण गरेको थियो ।

लामो संघर्षपश्चात आफ्ना मागलाई सरकारले सम्वोधन गरेकोमा खुसी व्यक्त गर्दै अध्यक्ष गुरुङले भनिन्, 'व्यवस्था भन्ने कुरा कसैले चाहँदैमा, तुरुन्त आउने कुरा होइन, सबै सम्भव छ, तर समय लाग्छ । सबैभन्दा पहिले हामी प्रत्येक नागरिकले आफ्नो दायित्वबोध गर्नुपर्छ, राज्यप्रतिको दायित्व सबै नागरिकले बोध गर्ने हो भने समाज र राष्ट्र बन्न समय लाग्दैन ।'

संस्कार समाज नेपालबाट 'स्कुल स्कुलमा असल संस्कार' र 'हरेक महिनाको एक गते एक घण्टा एक सय मिटरको दुरीमा देशव्यापी सरसफाइ महाअभियान' सञ्चालन भइरहेको छ ।

## मध्यावधि...

३० दिन भित्र विश्वासको मत लिनुपर्ने हुन्छ । सभामुख नहुँदा सत्तागठबन्धन भित्र अप्ठ्यारो पर्ने भएकाले माओवादी यो विकल्पमा पनि पछि हटेको छ ।

यो संकट टार्न र मध्यावधिमा जानबाट रोक्न कांग्रेस र माओवादी केन्द्रको गठबन्धनले राप्रपालाई विश्वासमा लिने प्रयास गरेको हो । कोशी प्रदेश राप्रपा संसदीय दलका नेता भक्तिप्रसाद सिटौला मुख्यमन्त्रीमा आफूलाई समर्थन गरेर स्थिर सरकार दिने ग्यारेन्टी भएमा राप्रपा नयाँ सत्ता-गठबन्धन निर्माणमा सहमत हुने बताउँछन्।

'राप्रपा निर्णायक शक्ति हो । हाम्रो मुख्यमन्त्री हुनु हुँदैन भन्ने पनि होइन होला नि' उनले भनेका छन्। राप्रपाले सरकारको जिम्मेवारी लिँदा सशर्त मात्र लिने पनि उनको भनाइ छ। मुख्यमन्त्री पाउँदा पूरा चलाउन पाउनुपर्ने उनको शर्त छ।

प्रदेश सभामा ६ सिट रहेको राप्रपा सामेल भए कांग्रेस, माओवादी, समाजवादी र जनता समाजवादी सहितको गठबन्धनले सरकार निर्माणका लागि बहुमत पुग्छ । यसरी बन्ने गठबन्धनको पक्षमा प्रदेश सभामा ५० सिट पुग्नेछ ।

'राप्रपाको एउटै सर्त रहेको छ, त्यो हो कांग्रेस र माओवादी केन्द्रले ४ वर्षका लागि मुख्यमन्त्रीमा समर्थन गर्ने लिखित प्रतिबद्धता जनाउनुपर्छ' सिटौलाले भन्छन्, ' अन्तिम एक वर्ष राप्रपालाई दिने भनेर हुँदैन । एक वर्ष दिँदा स्थिर सरकार बनाउन पनि सकिँदैन र काम पनि गर्न सकिँदैन् ।'

संविधानले सरकार गठनको अन्तिम विकल्प रहेसम्म प्रदेशसभा विघटन गर्न नसक्ने व्यवस्था गरेको छ । सवै प्रक्रिया पुरा गर्दा पनि सरकार नबनेमा मात्रै मध्यावधिमा जानुपर्ने अवस्था आउँछ। अहिलेकै परिस्थिति कायम रहे कोशी प्रदेश मध्यावधिमै जानुपर्ने अवस्था आउने अवस्था सिर्जना हुन्छ ।

२०४६ सालपछि राजनीतिक दलहरुले मध्यावधि चुनावको व्यवस्थालाई दुरुपयोग गरेको भन्दै नयाँ संविधानमा केही कडाइ गरिएको थियो । नयाँ संविधानमा सरकार गठनको अन्तिम विकल्पसम्म प्रयास गर्ने र त्यो पनि नहुने स्थितिमा मात्रै मध्यावधिमा जाने व्यवस्था छ ।

संविधानले संघ मात्र मात्र नभएर प्रदेशमा पनि सरकार गठनका चार विकल्प प्रष्ट रुपमा दिएको छ। सरकार बनाउँदा पहिलो बुहमत प्राप्त दल, त्यो नभए दुई वा दुईभन्दा बढी दल मिलेर बहुमतको सरकार गठन गर्न सक्छन् । तेस्रो विकल्प ठूलो दलको नेतृत्वमा सरकार गठन गर्न सकिन्छ। यसरी गठन भएको सरकारले ३० दिनभित्र विश्वासको मत प्राप्त गर्न नसके कुनै पनि सासंदले आफूसँग बहुमत रहेको दाबी पेस गरेमा संघमा राष्ट्रपति र प्रदेशमा प्रदेश प्रमुखलेले प्रधानमन्त्री वा मुख्यमन्त्री नियुक्त गर्ने व्यवस्था छ ।

यी चारै अवस्थामा पनि सरकार गठन हुन नसक्ने अवस्था भए मध्यावधीमा जाने अवस्था हुन्छ। सबै विकल्प सकिएर कोशी प्रदेशमा अप्ठ्यारो स्थिति देखा परेपछि राप्रपालाई मुख्यमन्त्री दिएर नयाँ सरकार बनाउने गृहकार्य अगाडि बढेको छ ।

## रोजगार...

परिवर्तनका लागि ऐन तथा नियमावलीमा तत्कालै संशोधन हुन जरुरी छ । वैदेशिक रोजगार व्यवसायलाई उद्योगका रुपमा लानुपर्छ ।'

आफ्नो नेतृत्व अवधिमा म्यानपावर व्यवसायलाई मर्यादित बनाउन धेरै दुरगामी महत्वका कामको शुरुवात गरेको बताउँदै सचिव अर्यालले वैदेशिक रोजगार कार्यालय ताहाचलमा प्रविधिको प्रयोग गरेर ठगी नियन्त्रण गरेको बताए । आगामी साउन १ गतेदेखि श्रम स्वीकृतिलाई अटोमेसनमा लगेर वैदेशिक रोजगार प्रशासनलाई राष्ट्रकै नमुना र अनुकरणीय बनाएको बताउँदै सचिव अर्यालले भने, ' अहिले श्रम मन्त्रालय नेपालको सार्वजनिक प्रशासनमा परिवर्तनको नमुनाका रूपमा आएको छ, अन्य मन्त्रालयले समेत सुधारका लागि श्रम मन्त्रालयबाट सिक्न थालेका छन् ।'

सचिव अर्यालले आफ्नो १८ महिने कार्यकालमा वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)लाई दूतावास पुऱ्याएको, दुई वर्षे करार अवधि हटाएको, विमानस्थलमा रहेको लेवर डेस्क हटाएको, सामाजिक सुरक्षा कोषमा १ लाख ५५ हजार श्रमिकलाई आबद्ध गराएको, जापान, साउदी अरेबिया, जर्मनी, बुल्गेरिया, सेसेल्स तथा माल्दिभ्ससँग श्रम सम्झौतामा प्रगति गरेको, कार्यविधि बनाएर दक्षिण कोरियाको मौसमी कामदारको बेथिति रोकेर धेरै उपलब्धिपूर्ण काम गरेको बताए ।

त्यस अवसरमा सचिव अर्यालले नेपालका व्यवसायीलाई एकआपसमा लडाएर मलेसियाका व्यवसायीले डिमाण्डको चलखेल गरेर फाइदा लिएको भन्दै अस्वस्थ प्रतिस्पर्धामा नलाग्न व्यवसायीहरुलाई सुझावसमेत दिए ।

सचिव अर्याललाई सम्मान पत्र तथा मायाको चिनो प्रदान गर्दै संघका अध्यक्ष राजेन्द्र भण्डारीले मन्त्रालयको प्रशासनिक नेतृत्वको जिम्मेवारीमा रहँदा सचिव अर्यालले वैदेशिक रोजगारबारे निजी क्षेत्रमा सकारात्मक धारणा सिर्जना हुने गरी काम गरेको व्यवसायीले अनुभूति गरेको बताए। उनले भने, 'सचिव अर्यालले वैदेशिक रोजगार व्यवसायलाई मर्यादित बनाउने बाटोमा पुऱ्याएको हामीले अनुभूत गरेका छौं ।'

अध्यक्ष भण्डारीले सेवा शुल्क परिमार्जन, संख्या सयको समस्या समाधान, मागपत्र प्रमाणीकरण, वैदेशिक रोजगारका नाममा हुने व्यक्तिगत ठगी नियन्त्रणका लागि सचिव अर्यालले अगाडि बढाएका कदमलाई आमव्यवसायीले लामो समयसम्म स्मरण गर्ने उल्लेख गरे । उनले भने, 'सचिवज्यूबाट धेरै सुधारका काम भए। प्रधानमन्त्री कार्यालयबाट पनि सुधारका कदमलाई साथ हुने अपेक्षा व्यवसायीको छ ।'

संघका महासचिव मेघनाथ भुर्तेलले सञ्चालन गरेको कार्यक्रममा प्रथम उपाध्यक्ष डिक बहादुर खत्री 'कुमार'ले स्वागत मन्तव्य राखेका थिए । बिदाइ कार्यक्रममा संघका पूर्वअध्यक्ष प्रेमबहादुर कटुवाल, सल्लाहकार शितल यादव, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका अध्यक्ष कुमुद खनाल, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष जनक रावल, वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका अध्यक्ष धनलाल जैसी, वैदेशिक रोजगार व्यवसायी नेवा समाजका अध्यक्ष किसन प्रधानसहित संघक कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूको उपस्थिति रहेको थियो ।

संघको बिदाइलगत्तै नेपाल स्वास्थ व्यवसाय महासंघले पनि सम्मान पत्र तथा मायाको चिनो प्रदान गरी सचिव अर्यालको बिदाइ गरेको थियो । संघका अध्यक्ष कैलाश खड्काले सचिव अर्याललाई सम्मान पत्र तथा मायाको चिनो प्रदान गरे ।

त्यस अवसरमा अध्यक्ष खड्काले वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षणका लागि सूचीकृत स्वास्थ्य संस्थाहरूलाई गुणस्तरीय परीक्षणका लागि सचिव अर्यालले महत्वपूर्ण मार्गनिर्देश गरेको उल्लेख गरे । उनले मन्त्रालयमा रहने विशेषज्ञ समिति सदस्यका हैसियतले सचिव अर्यालको कार्यकालमा कामदारको हितमा गौरव गर्न लायक काम गरेको स्मरण गरे ।

प्रतिउत्तरमा मन्तव्य राख्दै सचिव अर्यालले स्वास्थ्य संस्थाहरूले प्रविधिमा आधुनिकीकरण गर्नुपर्ने सुझाव दिए । त्यस अवसरमा महासंघ कार्यसमिति पदाधिकारी तथा सदस्यहरूको उपस्थिति रहेको थियो ।

# इलाका प्रहरी कार्यालय भगवानपुरको भवन उद्घाटन

**बाँके/मस-**इलाका प्रहरी कार्यालय भगवानपुरको नवनिर्मित भवनको उद्घाटन गरिएको छ । सोमबार लुम्बिनी प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक उमेशराज जोशी र नरैनापुर गाउँपालिकाका अध्यक्ष इश्तियक अहमद शाहले संयुक्त रुपमा नवनिर्मित कार्यालय भवन, कार्यालय प्रमुख निवास, प्रहरी ब्यारेक, भान्सा घर तथा नागरिक सहायता कक्षको उद्घाटन गरेका हुन् । साथै उनीहरुले उक्त नवनिर्मित भवनहरूको निरीक्षण समेत गरेका छन् ।

भवन उदघाटन कार्यक्रमलाई सम्बोधन गर्दै प्रहरी नायब महानिरीक्षक जोशीले प्रहरी संगठनलाई आवास तथा भौतिक पूर्वाधारमा आत्मनिर्भर बनाइ प्रहरी कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्नेदेखि वैज्ञानिक र प्राविधिक उपकरणहरूको प्राप्ति र प्रयोगद्वारा संगठनलाई संस्थागत रूपमा मजबुँद र सक्षम बनाउन प्रदेश प्रहरी कार्यालय सदैव कटिबद्ध र प्रयासरत रहेको बताए ।

प्रहरी नायब महानिरीक्षक जोशीले आधुनिक भवनहरूसँगै प्रहरीको सेवाप्रतिको इमान्दारिता, जिम्मेवारीबोध, प्रहरी आचरण र व्यवहारले प्रहरी प्रतिको जनविश्वास अभिवृद्धि गर्ने विश्वास लिएको बताए । उनले भवनहरू सबैको साझा सम्पत्ति रहेको उल्लेख गर्दै नवनिर्मित भवनहरूप्रति अपनत्वको भाव राखेर उचित संरक्षण, सम्वर्द्धन गर्दै दीर्घकालसम्म जर्गेनाका लागि सहयोग गर्न सबैसँग आग्रह गरे ।

नेपालको मात्र नभई भारतीय नागरिकको लागि आकर्षणको केन्द्र रहेको देश कै उत्कृष्ट पालिका नरैनापुरमा हुन सक्ने अपराध रोक्नको लागि नागरिक र प्रहरीबीचको समन्वय र सहकार्य महत्वपूर्ण रहने भन्दै सचेत रहनु पर्नेमा प्रहरी नायब महानिरिक्षक जोशीले जोड दिए ।

कार्यक्रममा प्रहरी नायब महानिरीक्षक जोशीले भवन निर्माण कार्यमा संलग्न निर्माण व्यवसायीहरूलाई कदरपत्र तथा भवन निर्माणमा योगदान पुऱ्याउने प्रहरी कर्मचारीलाई पुरस्कारसमेत प्रदान गरेका थिए ।

नरैनापुर गाँउपालिकाका अध्यक्ष इश्तियाक अहमद शाहले इलाका प्रहरी कार्यालय नरैनापुर अन्य प्रहरी कार्यालयभन्दा निक्कै महत्वपूर्ण र विशिष्ट नाका भएको बताए । नेपाल भारत सीमावर्तीक्षेत्रमा हुने चोरी, तस्करी, रोकथाम नियन्त्रण गर्नु, शान्ति सुरक्षा अमन चयन कायम गर्नु, अपराध नियन्त्रण र अनुसन्धान गर्नु, समाजमा शान्ति व्यवस्था कायम गर्नु इलाका प्रहरी कार्यालय भगवानपुरको मुख्यः दायित्व र जिम्मेवारी रहेको अध्यक्ष शाहले स्पष्ट पारे ।

जिल्ला प्रहरी कार्यालय बाँकेका प्रमुख प्रहरी उपरीक्षक सन्तोष सिंह राठोरले स्वागत मन्तव्य व्यक्त गरेको उक्त कार्यक्रममा प्रहरी नायब उपरीक्षक ई. ध्रुव अधिकारीले भवन निर्माणसम्बन्धी प्रतिवेदन प्रस्तुत गरेका थिए ।

प्रदेश सरकारको नियमित बजेटबाट कुल ३ करोड ९ लाख लागतमा नवनिर्मित कार्यालय भवन, कार्यालय प्रमुख निवास, प्रहरी ब्यारेक, भान्सा घर तथा नागरिक सहायता कक्ष भवनको निर्माण कार्य सम्पन्न भएको हो ।


## डिलासैनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**डिलासैनी, बैतडी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### आसय पत्र

**प्रकाशित मिती : २०८०/०२/३०**

**श्री बि एन कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा लि**

प्रस्तुत विषय सम्बन्धमा मिति २०८०/१/२६ गते मध्यान्ह राष्ट्रिय दैनिक प्रत्रिकामा दोस्रो पटक प्रकाशित सूचना, ठेक्का नं DRM/BTD/SQ/Goods/01–2079–80 (Supply and delivery of NS standard HDPE pipe) बमोजिम यस कार्यालय अन्तर्गत बि एन कन्सट्रक्सन को मु अ कर बाहेक १६,१७,३६०।- (अक्षरुपी सोह्र लाख सत्र हजार तिन सय साठी रुपयाँ मात्र) को बोलपत्र स्वीकृत गर्न सिफारिस भएको हुदाँ कुनै प्रतिकृया भए ७ दिन भित्र पठाइदिनु होला । तोकिएको म्याद भित्र कुनै प्रतिक्रिया प्राप्त नभए बोलपत्र स्वीकृति गर्न तर्फ कारबाही अगाडी बढाउने व्यहोरा अवगत गराइन्छ ।

**बोधार्थ:**

**श्री पञ्चरत्न पाइप प्रोडक्ट प्रा. लि.**
**श्री नेपाल व्याकगोल्ड एण्ड अलाइड इन्डस्ट्रिज**
**श्री नवा नेपाल प्लास्टिक प्रा. लि.**

**गणेश सिंह बोहरा**
**निमित्त प्रमुख प्रशासकीय अधिकृत**



## Sunapati Rural Municipality
## Office of the Municipal Executive
Hiledevi, Ramechhap

### Invitation for Sealed Quotation (Re)

**Sealed Quotation No: AES-SQ/01/2079/80**
**Second Date of publication: 13/06/2023 (2079/02/30) Tuesday**

1. **Sunapati Rural Municipality, Hiledevi, Ramechhap** invites Sealed Quotation from Nepalese eligible bidders for Procurement of Mini Tiller 7 H.P. diesel Engine within Sunapati Rural Municipality under electronic sealed quotation procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Sunapati Rural Municipality, Hiledevi, Ramechhap, Nepal or may visit PPMO website www.bolpatra.gov.np.
3. Bidder who chooses to submit their sealed quotation electronically may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np. Bidder should deposit the non-refundable fee of 1000 NRs. till 12:00 P.M. [28/06/2023 (2080/03/13) Wednesday] on Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded at the time of electronic submission of the sealed quotation.
4. If the last date of purchasing or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of sealed quotation submission.
   **Information to deposit the cost of bidding document:**
   **Name of the Bank : Citizen Bank Limited Sunapati**
   **Name of Office : Sunapati Rural Municipality**
   **Office Code no. : 801032408**
   **Internal Revenue Account No: : 0700100000002202**
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hrs [28/06/2023 (2080/03/13)] Wednesday at the office of Sunapati Rural Municipality, Hiledevi-3, Ramechhap.
6. Pre-bid meeting shall be held at 12:00 hrs [21/06/2023 (2080/02/21) Friday at the office of Sunapati Rural Municipality, Hiledevi-3, Ramechhap
7. Sealed Quotation must be valid for a period of **45 days** after the opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of sealed quotation, amounting to the value as mentioned below which shall be valid for **30 days** beyond the validity period of the bid.

| Contract Id. | Description of Work | Est. Amount With Vat (NRs) | Security Deposit (NRs) | Bid Doc Fee (NRs) |
|---|---|---|---|---|
| SUN/G/SQ /01/2079/80 | Procurement of Mini Tiller 7 H.P. diesel Engine | 19,99,800.00 | 65,000.00 | 1000 |

9. The employer reserves the right to accept or reject, wholly or partially any or all the bids without assigning any reason, whatsoever.
   **In case of any queries or confusion, please contact at 9866721796.**

**Chief Administrative Officer**

# दर्ता र नवीकरण नभएका दुई अस्पतालमा महानगरको सिल



**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ जेठ

काठमाडौं महानगरपालिकाले दर्ता नै नगरी सञ्चालनमा रहेका २ अस्पतालमा ताला लगाएको छ। दर्ता नगरी सञ्चालनमा रहेको वडा ६ बौद्धको चाइनिज पिपुल्स अस्पताल र वडा ३२ काटेश्वरमा रहेको सहयात्री अस्पतालमा जनस्वास्थ्य विभागले ताला लगाएको हो ।

'स्वास्थ्य जस्तो संवेदनशील सेवा प्रदान गर्ने ठाउँ दर्ता नै नभएको पाइएपछि बन्द गराएका हौं, 'जनस्वास्थ्य विभागका प्रमुख रामप्रसाद पौडेलले भने, 'मानिसको बाँच्न पाउने अधिकारसँग जोडिएको क्षेत्र हो। यसमा हुने सानातिना त्रुटी र लापर्वाहीले मानिसको मृत्यु हुन सक्छ। गलत औषधिको प्रयोगले जीवन अझ अस्वस्थ्य हुन्छ। दर्ता नै नगरी सञ्चालन हुने स्वास्थ्य संस्था न सरकारप्रति जिम्मेवार छन्, न नागरिकप्रति । यसकारण हामीले बन्द गराएका हौं ।' महानगरले ताला लगाउँदा जम्मा भएका स्थानीयहरु निगरानी बढाएर नियम विपरीतका सबै स्वास्थ्य संस्थालाई बन्द गराउनु पर्ने, औषधिलाई सहज र पहुँचयुक्त बनाउनु पर्ने प्रतिक्रिया दिइरहेका थिए। दुवै अस्पताल १५/१५ शय्याका हुन्। चाइनिज पिपुल्स अस्पतालमा अक्युपङ्चर र पाइल्सको उपचारका लागि मानिसहरु आउने गरेका थिए। विभागका प्रमुख पौडेलका अनुसार सहयात्रीमा गर्भपतन सेवा दिने गरिएको थियो। विभागले लक्षित वर्गलाई उपलब्ध गराउनु पर्ने सेवाको नियमित निगरानी र अनुगमन गरिरहेको छ।

## मन्त्री मोदीको निर्देशनमा मन्त्रालयमा छड्के
# १ सय ३ कर्मचारी कारबाहीमा

**काठमाडौं/मस**–संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका १ सय ३ जना कर्मचारी कारबाहीमा परेका छन्। मन्त्री अमन लाल मोदीको निर्देशनमा सचिव डा. कृष्णहरी पुष्करले सोमबार मन्त्रालयमा छड्के जाँच गरेका थिए । सोही क्रममा बिहान सवा १० बजेसम्म पनि कार्यालय उपस्थित नभएका कर्मचारीलाई कारबाही गरिएको हो। कारबाहीमा परेका कर्मचारीहरुको सोमबारको हाजिरीमा रातो लगाइएको छ । सचिव डा. पुस्करले ती कर्मचारीहरुको हाजिरीमा रातो लगाएका हुन्।

कारबाहीमा पर्नेमा सहसचिव १ जना र उपसचिव २३ जना छन्। त्यसैगरी ३६ जना शाखा अधिकृत र ४१ जना नासु तथा सहायकस्तरका कर्मचारी कारबाहीमा परेका छन्।



'सुशासन कायम गर्ने विषय नै हाम्रो पहिलो प्राथमिकताको विषय हो' आफूले सम्हालेका मन्त्रालयका कर्मचारीमाथि कारबाही प्रारम्भ गरेपछि मन्त्री मोदीले भने, 'बिहानको सवा १० बजेसम्म पनि कार्यालयमा उपस्थित नभएका कर्मचारीको हाजिरीमा रातो लगाउन थालेका छौं, यो प्रक्रिया जारी रहन्छ।'

यसैबीच मन्त्रालयको अतिरिक्त समुहमा रहेका १८ जना उपसचिवहरुको सरुवा भएको छ। अतिरिक्तमा रहेका १८ जना उपसचिवहरुमध्ये ५ जनाको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सरुवा भएको छ । बाँकी सबैको विभिन्न जिल्लास्थित जिल्ला समन्वय समितिमा सरुवा भएको छ।

मन्त्री मोदीले नियमित र बढुवा प्रक्रियामा आएका शाखा अधिकृत र उपसचिवलाई अनिवार्य रुपमा स्थानीय तहमा खटाउँदै आएका छन्।

स्थानीय तहको निमित्त प्रमुख प्रशासकीय अधिकृत हटाउने अभियानलाई तीव्रता दिइरहेका मन्त्री मोदीले अतिरिक्त समुहका कर्मचारीलाई पनि प्रदेश तथा स्थानीय तहमा खटाउन थालेका छन्।

# मालपोत बाराका खरिदार साह र कुशवाहाविरुद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं/मस**- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मालपोत कार्यालय बारामा कार्यरत खरिदार रामविश्वास साह र गौरीशंकर कुमार कुशवाहाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।



जग्गा रजिष्ट्रेसन पास गर्नका लागि सेवाग्राहीबाट १५ हजार रुपैयाँ घुस लिइसकेको अवस्थामा अख्तियार हेटौंडाको टोलीले साह र कुशवाहालाई नियन्त्रणमा लिएको थियो।

साहले सेवाग्राहीबाट १५ हजार रुपैयाँ घुस कशवाहालाई लिन लगाई भ्रष्टाचार गरेको पुष्टि हुन आएकाले सोमबार उनीहरुविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए।

अख्तियारले साहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा १५ हजार रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) देहाय (क) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम जरिवाना सजायसमेत हुन मागदाबी लिई मुद्दा दायर गरेको छ।

यस्तै कुशवाहाले मुख्य कसुरदार साहले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरको मतियार भई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २२ बमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा कुशवाहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुरमा १५ हजार रुपैयाँ बिगो कायम गरी मुख्य कसुरदार साहलाई हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ बमोजिम आधा सजाय हुन मागदाबी लिई मुद्दा दायर गरिएको प्रवक्ता दाहालले बताए।

# डोल्पामा सव-डिभिजन वन कार्यालयको नयाँ भवन उद्घाटन

**पूर्ण सार्की/मध्यान्ह**
डोल्पा, २९ जेठ

हिमाली जिल्ला डोल्पाको डिभिजन वन कार्यालयले सव-डिभिजन वन कार्यालय करवगाडको नयाँ भवन उद्घाटन गरेको छ।

सोमबार कर्णाली प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका महाशाखा प्रमुख राजेन्द्र कुमार बासुकलाको प्रमुख आतिथ्यतामा त्रिपुरासुन्दरी नगरपालिकाको वडा नं ५ खदाङमा एक कार्यक्रमका बीच नयाँ भवन उद्घाटन गरिएको हो।

भवनको उद्घाटन भएसँगै सोमबारदेखि नै नयाँ कार्यालयबाट कामकाज शुरु गरिएको डिभिजन वन कार्यालय डोल्पाका निमित्त कार्यालय प्रमुख महेश कुमाईले मध्यान्हलाई जानकारी दिए।

यो कार्यालयले त्रिपुरासुन्दरी नगरपालिकाको ५ र ६ नं वडाभित्र रहेर कार्य गर्ने छ। पछिल्लो समय



यो ठाउँमा जंगली वन्यजन्तुको सिकार बढ्दो रहेकाले डिभिजन वन कार्यालयले उक्त ठाँउमा सव-डिभिजन कार्यालयको स्थापना गरेको हो।

कार्यालय स्थापना भएसँगै अब यो ठाउँमा वन्यजन्तुको सिकारमा न्यूनीकरण हुने निमित्त प्रमुख कुमाईको भनाइ छ।

त्यस्तै कार्यक्रममा कर्णालीका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका महाशाखा प्रमुख बासुकलाले यो कार्यालय डोल्पाको सिमानामा रहेका कारण काम गर्न सहज हुने बताए । साथै यस कार्यालयले आगामी दिनमा सामुदायिक वन उपभोक्ता समिति र त्यहाँका स्थानीयसँग सहकार्य गरेर काम गर्नेमा आफू विश्वस्त रहेको उनले बताए।

२०७९ वैशाख ४ गते ३३ लाख ६३ हजार ८ सय ६९ रुपैयाँमा भवन निर्माणको जिम्मा लिएको हिमचुली निर्माण कम्पनीले सम्झौताअनुसार समयमै भवन निर्माणको काम सम्पन्न गरेको डिभिजन वन कार्यालयले जानकारी दिएको छ।

कार्यक्रममा निर्माण कम्पनीले समयमै निर्माण कार्य पूरा गरेको भन्दै डिभिजन वन कार्यालयको तर्फबाट निर्माण कम्पनीका प्रोपाइटर चन्द्रमान रोकायलाई प्रशंसा पत्रसमेत प्रदान गरिएको थियो।

उद्घाटन कार्यक्रममा कर्णालीका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका महाशाखा प्रमुख बासुकला, डिभिजन वन कार्यालय डोल्पाका निमित्त कार्यालय प्रमुख कुमाई, इलाका प्रहरी कार्यालय करवगाडका इन्चार्ज रत्नलाल खड्का, हिमचुली निर्माण कम्पनीका प्रोपाइटर रोकाय, नेपाली कांग्रेस प्रदेश 'ख' का क्षेत्रीय सभापति मोतीप्रसाद उपाध्याय, स्थानीय समुदायिक वनका पदाधिकारी सहित अन्य व्यक्तिहरुको उपस्थिति रहेको थियो।

कार्यक्रममा खदाङ पुगेको वन कार्यालयको टिमले त्यहाँस्थित आफ्नो स्थायी नर्सरीको अनुगमनसमेत गरेको थियो।

## मोटरसाइकल हरायो

मिति २०८०/०१/१५ गते अन्दाजी २३:०० बजेको समयमा बुढानिलकण्ठ, न.पा.-१२, स्थित पार्किङबाट बा.प्र. ०२-०२८ प ९९८४ नम्बरको सेतो रंगको 220cc Pulsar मोटरसाईकल हराएकोले भेट्नुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला।

**सबारी धनी : साहारा बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
च्यासिस नं.:MD2A13EX0MCB85368
इन्जिन नं. : DKXCMB79630
सम्पर्क : 9746467665

## साउदीमा रोजगार |
कम्पनी: BUILDING MAINTENANCE &OPERATION CO. LTD
शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७९/१२/२४ चलानी नं.: ६०१९९७१५ L.T. No.: 284373 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार ५ गते (20 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

ANJULIMA INT'L People. Factor. Perspective
श्रम इजाजत नं. ७७४/०६५/०६६
अन्जुलिमा इन्टरनेशनल प्रा. लि.
पोष्ट बक्स नं. २३२५१, कालीमाटीडोल, एयरपोर्ट, काठमाडौं, फोन:४५७३१००, ४५७३३००, ४५८८३६९
Email: anjulimaintl@yahoo.com | Web: www.anjulimaintl.com

## कतारमा रोजगार
कम्पनी: CHANGDA CONSTRUCTION DOHA
शहर: Qatar, Doha

पुर्व स्वीकृत मिति: २०७९/१०/१९ चलानी नं.: ६०१९६०२६ L.T. No.: 280393 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Blacksmith | 2 | 0 | स. काममा दक्ष | 1200 | ४३,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार ५ गते (20 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

QATAR INTERNATIONAL MANPOWER PVT. LTD. 2022
Gov. Lic. No. 1578/079/80
Tokha-05, Basundhara, Kathmandu
Ph. No.: 01-5914971
Mobile : 9849664971
E-mail: info@qim.com.np

## VACANCY ANNOUNCEMENT
WE'RE HIRING

एक प्रतिष्ठित कम्पनीको लागि कर्मचारीहरु आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

ARE YOU READY? Documentation Officer APPLY NOW!

*Working hours depend on the work loads*
*Salary depends on their works*

Interested candidates can email us your cv and contact number for the interview.

SEND YOUR CV:
goodluckmanpower022@gmail.com

GOOD LUCK MANPOWER Services Pvt. Ltd.
Gov. Lic No. 1561/079/080
Sinamangal 9,Kalimatidol, Kathmandu, Nepal, Ph. No.: +977 1 5915260

## Cyprus मा रोजगारको अवसर

१.कम्पनी: **Atlas Employment Ltd., Cyprus.**

पूर्व स्वीकृती मिति २०८०।०२।२९ चलानी नं. ६०२०३०४३ LT.No. 287757

| सि.नं. | कामदारको पद | माग संख्या (महिला) | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Workers | 20 | काममा दक्ष | 315 | ४४,५७५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

२.कम्पनी: **MC Recruitment Agency., Limassol, Cyprus.**

पूर्व स्वीकृती मिति २०८०।०२।२९ चलानी नं. ६०२०३०४४ LT.No. 287756

| सि.नं. | कामदारको पद | माग संख्या (महिला) | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Workers | 20 | काममा दक्ष | 315 | ४४,५७५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु. ३०,०००।- |

अन्तर्वार्ता २०८० आषाढ ५ गते (20 June, 2023) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ।

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला ।४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) कामको विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बिद्धनगरमा सम्पर्क राख्नु होला ।

APPS
Govt. Lice. No.: 1172/073/074
Apps Services Pvt.Ltd.
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
website: appsgroup.net, Email:- infoapps1172@gmail.com

## साउदीमा रोजगार |
कम्पनी : AL DEEM AUTO SERVICE LAUNDRY
शहर: Riyadh

पूर्व स्वीकृत मिति: २०७९/१२/२७ चलानी नं.: ६०१९९८२० L.T. No.: 284412 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mobile Vehicle Washing Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : SAEED AHMED BAHMDAH COCTRACTING COMPANY शहर : RIYADH

पूर्व स्वीकृत मिति: २०८०/०२/१८ चलानी नं.: ६०२०२४२८ L.T. No.: 286969 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Laboure | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Rubber Products Assembly Labour | 1 | 0 | | 1200 | ४२,१२० | | | | | | | |
| 3. | Wooden Floor Installer | 1 | 0 | | 1200 | ४२,१२० | | | | | | | |

३. कम्पनी : KHALID SALEH AL OTHMAIM FATORY/PASTRIES, SWEETS & CHOCOLATE शहर : RIYADH

पूर्व स्वीकृत मिति: २०८०/०२/१७ चलानी नं.: ६०२०२४३० L.T. No.: 286970 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packaging And Wrapping Labor | 15 | 0 | स. काममा दक्ष | 1000 | ३५,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी : BASMAH TRADING & CONTRACTING EST. शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७९/०८/२५ चलानी नं.: ६०१९३११३ L.T. No.: 277537 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Driver | 4 | 0 | स. काममा दक्ष | 1800 | ६३,१८० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Road Maintenance Labor | 3 | 0 | | 1000 | ३५,१०० | | | | | | | |

५. कम्पनी : AL BASHIR TRADING & CONTRACTING COMPANY शहर : Hafuf

पूर्व स्वीकृत मिति: २०८०/०२/२९ चलानी नं.: ६०२०३०४२ L.T. No.: 287621

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Drilling Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी : AL SAHA TEST FOOD SERVICE EST शहर : AL KHARJA

पूर्व स्वीकृत मिति: २०८०/०२/२९ चलानी नं.: ६०२०३०४१ L.T. No.: 287620

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा मिति २०८० असार ५ गते (22 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Fast Employment Service (P.) Ltd.
Gov. Lic No. 1399/074/075
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com

## हकदावी सम्बन्धी ३५ दिने सूचना

संस्था दर्ता ऐन २०३४ बमोजिम मिति २०७७/१०/२० मा दर्ता भएको **दर्ता नं. २५४७०२** को **टेक फिड (प्रा.लि.)** को मिति २०८०/०२/२९ गतेमा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम संस्था दर्ता ऐन २०३४ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस संस्थासँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९७४६४९१७१३, ईमेल** : rokayasherbahadur723@gmail.com

## कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८०/०२/३०**

**इ.यु.स्टडी सेन्टर प्रा.लि**. को मिति २०७९/१२/२६ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **कला इन्टरनेशनल कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि. नं.: १३५५८३)** साथै साविक ठेगाना परिवर्तन गरी **काठमाडौं महानगरपालिका-१०, काठमाडौं** कायम गर्ने गरी मिति २०८०/०१/१९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd. Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

## सम्पादकीय

# सच्चिनुपर्ने शैली र सोच

प्रस्तावित प्रधानन्यायाधीश हरिकृष्ण कार्कीको सुनुवाइ बिहीबारदेखि शुरू हुँदैछ । संवैधानिक परिषदले २५ वैशाखमा कार्कीलाई प्रधानन्यायाधीश सिफारिस गरेको थियो । त्यसको एक महिना बितिसक्दा पनि संसदीय समितिमा सुनुवाइ हुन सकेको थिएन । यो बीचमा कार्कीविरूद्ध उजुरी संकलन भयो । संकलित २९ उजुरी उपर प्रस्तावित प्रधानन्यायाधीश कार्कीसँग जवाफ लिने र थप प्रश्नहरू सोध्नेगरी बिहीबारदेखि सुनुवाइ हुनेछ । समितिको तालिका अनुसार, बुधबार उजुरीकर्ताहरूसँग छलफल गर्ने र बिहीबार सुनुवाइ हुनेछ । सुनुवाइ समितिले चित्तबुझ्दो जवाफ पाएमा कार्की प्रधानन्यायाधीश बन्ने बाटो खुल्नेछ । यसअघिका नजीर हेर्दा यो सुनुवाइपछि संभवतः कार्की प्रधानन्यायाधीश बन्नेछन् । किनकि सुनुवाइ समितिले उजुरीकै आधारमा अस्वीकृत गरेको बलियो नजीर छैन । तसर्थ संसदीय प्रक्रिया संवैधानिक प्रक्रियाका निम्ति जस्तो देखिन्छ ।

तर प्रक्रिया पूरा भएर प्रधानन्यायाधीश नियुक्त हुनु पनि यसपटक न्यायालयका निम्ति नजीर बनिसकेको छ । किनकि आठ महिनादेखि कार्की सर्वोच्च अदालतका कामू प्रधानन्यायाधीश छन् । गत वर्ष ११ असोजबाट कार्कीले कामू प्रधानन्यायाधीशको जिम्मेवारी सम्हालेका हुन् । त्यसअघिको सात महिना पनि कामू प्रधानन्यायाधीशकै नेतृत्वमा सर्वोच्च चलेको थियो । तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरालाई १ फागुन २०७८ मा महाअभियोग लगाइएपछि वरिष्ठतम् न्यायाधीश दीपककुमार कार्कीले कामू प्रधानन्यायाधीशको जिम्मेवारी पाएका थिए । तर जबराको महाअभियोग टुंगिन नसक्दा सात महिनासम्म दीपककुमार कार्की कामू प्रधानन्यायाधीश रहे । कामू रहेर उनले अवकाश पाएपछि हरिकृष्ण कार्की कामू प्रधानन्यायाधीश बनेको आठ महिना भइसक्यो ।

गत ४ मंसिरमा चुनाव सकिएको पनि ६ महिना भइसक्यो । तर हरिकृष्ण कार्कीले पनि अवकाश पाउने समय नजिकिदै गर्दा बल्ल सुनुवाइ प्रक्रिया अगाडि बढेको छ । आगामी २० साउनमा कार्की पनि अवकाश पाउँदैछन् । यसको अर्थ फेरि पनि सर्वोच्चले नेतृत्वका लागि प्रक्रिया अगाडि बढाउने दिन धेरै टाढा छैन । अर्को प्रधानन्यायाधीश नियुक्तिका निम्ति संवैधानिक परिषद्ले सिफारिस गर्नुपर्नेछ भने सुनुवाइ समितिमा सुनुवाइ प्रक्रिया चल्नेछ । संभवतः सर्वोच्च अदालतले यति लामो समय कामूको भरमा चलेको यो पहिलोपटक हो । जबरालाई महाअभियोग लाग्नु अघिको केही महिना पनि सर्वोच्च संक्रमणमै थियो । २०७८ कात्तिकदेखि सर्वोच्चकै न्यायाधीशहरू आन्दोलनमा उत्रिएपछि जबराले प्रधानन्यायाधीशका रूपमा काम गर्न पाएका थिएनन् । यसरी सर्वोच्चले लामो समय काम चलाऊ नेतृत्वको भरमा चल्नुपर्ने परिस्थितिको कारण भने राजनीतिक दाउपेज थियो । त्यसमा सर्वोच्चकै नेतृत्व पनि आवश्यक निर्णय लिन चुकेका थिए । यसले लोकतन्त्र र न्यायिक प्रणालीमा अवश्य गम्भीर प्रश्न सिर्जना भएको छ । यसै घटनाक्रम र परिस्थितिलाई पृष्ठभूमिमा राखेर आगामी नेतृत्वका निम्ति सोच्न जरूरी देखिन्छ ।

# गर्मी मौसम र मुटुरोग

स्वास्थ्य



● डा. ओममूर्ति अनिल



केही दिनयता देशका अधिकांश स्थानमा अत्यधिक गर्मी बढेको र यसले जनजीवन प्रभावित भएको छ । तराईलगायत मध्यपहाडी भेगमा गर्मीकै कारण विद्यालय पनि बन्द गरिएका छन् । तराईमा लुको प्रकोप बढ्नसक्ने भन्दै सतर्कता अपनाउन भनिएको छ । गर्मी मौसममा मुटुका बिरामी, उच्च रक्तचाप, कोलस्टेरोल, मोटोपना, मधुमेहजस्ता समस्या भएका वृद्धवृद्धाले केही अतिरिक्त सावधानी अपनाउनु पर्दछ । मुटुसम्बन्धी समस्या भएका बिरामीहरुका लागि जाडो जत्तिकै जोखिम गर्मी याममा पनि हुने गर्दछ । गर्मीमा थप सावधानी अपनाउनुपर्ने जोखिम समूहमा मुटुमा ब्लकेज भएका बिरामीहरू, (मुटु कमजोर) भएका बिरामीहरू, उच्च रक्तचाप र यसको औषधि उपयोग गरिरहेकाहरू, मधुमेही र यसको औषधि उपयोग गरिरहेकाहरू, बुढापाका/मृर्गौला रोगी, पहिले बेहोस भइसकेका र कुनै अङ्गको सङ्क्रमणले ग्रस्त बिरामी पर्दछन् ।

अझ मुटुजन्य समस्या भएका व्यक्तिहरुका लागि त झन् उच्च तापक्रमबाट प्रभावित हुने सम्भावना दोब्बरले बढ्छ । अति गर्मीले मुटुका बिरामीको ज्यानसमेत जानसक्छ । तापमान वृद्धिका कारण कही वर्षयता मुटुसँग सम्बन्धित समस्या (विशेषगरी हृदयाघात) बढिरहेको छ । यसैले गर्मी मौसममा मुटुका बिरामीले विशेष ध्यान दिनुपर्छ । जाडोमा जसरी रक्तनली साँघुरो भएर रक्तचाप बढ्छ, त्यसको ठीक विपरित गर्मीले गर्दा रक्तनलीको आकार बढेर रक्तचाप घट्न सक्छ । बढ्दो गर्मीमा टाउको दुख्ने समस्या हुने गर्दछ । गर्मीमा लगातार टाउको दुख्नु भनेको रक्तचाप बढ्ने संकेत हुनसक्छ । बढी समय चर्को घाममा रहनाले रक्तचाप घट्छ र मुटुमा समस्या आउँछ । गर्मीले रक्तचाप घट्दा बिरामीलाई रिँगटा लाग्ने, हिँड्न अप्ठयारो हुने, कहिलेकाहीँ बेहोस हुने स्थितिसम्म आउनसक्छ । जोखिम समूहमा परेकाहरूले अत्यधिक गर्मीमा पर्नबाट जोगिनुपर्छ । गर्मी याममा मुटुको समस्याहरू भएका व्यक्तिले मात्र नभई स्वथ्य व्यक्तिले समेत दिनहुँ प्रशस्त मात्रामा झोल कुरा खानुपर्छ ।

पानी मावन शरीरको महत्वपूर्ण तत्व हो । यसले स्वस्थ व्यक्तिको आधादेखि दुई तिहाई तौल ओगटेको हुन्छ । खासगरी गर्मी याममा शरीरबाट बढी पानी निस्किने हुँदा पानीको मात्र कम हुन्छ । शरीरमा पानीको कमी भए रक्तचाप घट्न थाल्छ अनि मुटु र मधुमेहका रोगीहरू जोखिममा पर्न सक्छन् । बुढापाका र मोटो व्यक्तिको शरीरमा पानीको मात्रा अन्य व्यक्तिको तुलनामा कम हुन्छ । शरिरलाई चाहिने पानीको मात्रा कम हुँदा रगत बाक्लो हुन जान्छ । रगत बाक्लो हुँदा जम्ने डर हुन्छ । त्यतिबेला ह्दयाघात वा मस्तिस्कघात हुने सम्भावना बढी हुन्छ । शरीरमा पानीको मात्रा कम हुनु भनेको यसले शरीरमा निर्जलीकरण (डिहाइड्रेसन) हुनु हो । डिहाइड्रेसनका कारण शरीरमा सोडियम र पोटासियमको मात्रामा गडबड हुन्छ । डिहाइड्रेसनले गर्दा शरीरमा रगत जमेर समस्या उत्पन्न गर्न सक्छ । यसबाट मुटुको धड्कन बढी हार्ट फेल समेत हुन सक्छ । त्यसैले डिहाइड्रेसनका कारण डिहाइड्रेसनले मुटु रोगीको ज्यानै पनि जानसक्ने हुन्छ । मुटुको औषधि खाइरहेका व्यक्तिहरू गर्मी याममा डिहाइड्रेसन भएर बेहोस भएको पाउने गरिन्छ । शरीरमा पानीको कमी लामो समयसम्म रह्यो र प्रारम्भिक लक्षणबाट पहिचान गर्न नसकेमा ऊर्जाको कमीदेखि लिएर हृदयाघातको जोखिम हुन्छ ।

शरीरका विभिन्न अंगमा रगत पुऱ्याउन मुटुले बढी मिहिनेत गर्नुपर्छ । यसले गर्दा मुटुलाई बढी दबाब हुन्छ । जसले गर्दा मस्तिष्क, मुटु, हातखुट्टा लगायत नसामा रगत जमेर समस्या उत्पन्न हुनसक्छ । मुटुसम्बन्धी जोखिम समूहमा रहेकाहरूलाई गर्मी याममा पनि विशेष सावधानी अपनाउनुपर्छ । मुटुको औषधि सेवन गरिरहेका र पाकाहरूले गर्मी याममा बढी चलखेल गर्दा शरीरमा पानीको कमी हुन्छ र रक्तचाप कम हुन्छ । यसले गर्दा मस्तिष्कमा रगतको प्रवाह कम हुन्छ र सम्बन्धित व्यक्ति बेहोस हुन सक्छ । गर्मीमा काम गर्दा अचेत भई कतिपय मानिसको मृत्यु भएको समाचार

*पानी मानव शरीरको महत्वपूर्ण तत्व हो । यसले स्वस्थ व्यक्तिको आधादेखि दुई तिहाई तौल ओगटेको हुन्छ । खासगरी गर्मीयाममा शरीरबाट बढी पानी निस्किने हुँदा पानीको मात्र कम हुन्छ । शरीरमा पानीको कमी भए रक्तचाप घट्न थाल्छ अनि मुटु र मधुमेहका रोगीहरु जोखिममा पर्न सक्छन् ।*

सुन्ने गरिन्छ । जब हाम्रो मुटुले सामान्य प्रवाहमा रक्तसञ्चार गर्न सक्दैन भने यस्तो अवस्थामा मानिस बेहोस हुने गर्छन् ।

गर्मीले गर्दा मानिसको रक्तचाप तल-माथि हुनसक्छ । दुवै अवस्था हुनु जोखिमपूर्ण नै हुन्छ । रक्तचापको औषधि सेवन गरिरहेकाहरूलाई औषधिको मात्रा घटबढ हुन सक्ने भएकाले औषधि सेवन गर्ने रक्तचापका बिरामी अत्याधिक गर्मीमा नहिँड्नु नै राम्रो हुन्छ । कतै जानु नै परे प्रशस्त तरल पदार्थ सेवनसँगै गर्मीबाट जोगिने उपाय गर्नुपर्छ । उच्च रक्तचापका रोगीलाई बढी गर्मीमा बढी मिहिनेत हुने र पसिना बगाउने काम गर्नु हुँदैन । आफूलाई रिँगटा लाग्न र बेहोसी हुने अवस्था आउन लाग्यो भन्ने थाहा पाउनेबित्तिकै हावा आउने ठाउँमा निस्कनुपर्छ, तरल पदार्थ सक्दो लिनुपर्छ । उभिइरहनु हुँदैन । यति गर्दा पनि आराम नभए देब्रे कोल्टो परेर सुत्नुपर्छ । यसो गर्दा मस्तिष्कमा रगत प्रवाह यथोचित मात्रामा भएर अचेत हुनबाट जोगिन सकिन्छ । साह्रै गर्मी हुँदा चिसो पानीमा नुहाउँदा शरिरलाई शीतलता हुन्छ ।

तापमान वृद्धिको सिधा असर मानिसको मुटुमा पर्ने हुँदा शरीर चिसो बनाउन पसिना आवश्यक हुन्छ । पसिनाले नै शरीरको तापक्रम सन्तुलनमा राखिरहन्छ । उच्च तापक्रममा शरीरले आफ्नो ताप नियन्त्रण गर्न नसक्दा शरीरको भित्रिय तापक्रम बढ्न गई अत्याधिक पसिना आउने, वाकवाक लाग्ने, टाउको दुख्ने, मांसपेसीहरु बाउँडिने, बेहोस हुनेजस्ता समस्या आउन सक्छ । उच्च रक्तचापका बिरामीहरू गर्मी याममा भीड, हावाको प्रवाह (भेन्टिलेसन) नभएको कोठा वा गाडीमा धेरै बेरसम्म गुम्सिएको अवस्थामा बस्दा वा काम गर्दा रिँगटा लाग्ने र बेहोस हुने स्थिति आउन सक्छ । पर्याप्त निन्द्रा, तनाव कम गर्ने, रक्तचाप नियमित परीक्षण गर्ने (५० वर्ष पुगेका, मोटोपना, मुटुरोगी, उच्च रक्तचाप भएकाले बिशेष सावधानी अपनाउनुपर्ने हुन्छ ।

### जोगिने उपाय

**प्रशस्त पानीको सेवन :** काममा घरबाहिर निस्कनुअघि प्रशस्त मात्रामा पानी वा झोल पदार्थ खानुपर्छ । त्यस्ता व्यक्तिले नुन/चिनी, पानी र कागतीको सर्बतले खाइरहने गरे शरीरमा खनिज, लवण र पोटासियमको सन्तुलन बिग्रन पाउँदैन । पानीले शरीरको तापक्रम सामान्य राख्छ । यसले जोर्नीलाई चिप्लोसँगै गद्दाजस्तै बनाउँछ । यसले स्पाइनल कर्डसँगै अन्य संवेदनशील तन्तुहरूलाई जोगाउँछ । नियमित आवश्यकता अनुसार एक-दुई घण्टाको फरकमा प्रशस्त पानी पिउने र शरिरमा पानी प्रयाप्त भए नभएको आफ्नो पिसाव सफा छ छैन हेर्नुपर्छ । अन्य स्वस्थ्य मानिसले पनि मौसम गर्मी हुँदा वा व्यायाम गर्दा त अझ बढी तरल पदार्थ सेवन गर्नुपर्ने हुन्छ ।

**फलफूल/जुसको सेवन गर्ने :** फलफूलमा पाइने खनिज तत्वहरुले शरिरलाई पसिनाको माध्यमबाट हुने खनिजको कमीलाई पूर्ति गर्छ र रक्तचाप र मुटुको क्रियाकलाप लाई सन्तुलनमा राख्न मद्दत गर्छ ।

**चिया/कफीको सेवन नगर्ने :** चियाकफीका कारण शरीरमा पानीको कमी झन् हुन थाल्छ । चिया/कफीमा पाइने कैफिनले पिसाबको मात्रा बढाएर शरिरमा पानीको मात्रालाई कमी गर्छ, अत्यधिक गर्मीमा चिया/कफीको सेवन कम गर्नु फाइदाजनक हुन्छ ।

**धुमपान तथा मद्यपान नगर्ने :** धुमपान तथा मद्यपान स्वास्थ्यका लागि लाभदायक हुँदैन । त्यसमा पनि गर्मीको समयमा गरिने धुमपानले शरीरलाई सुख्खा राख्न बल पुग्दछ भने मदिरा सेवनले पिसाबको मात्रा बढाएर शरीरमा पानीको मात्रालाई कमी गर्छ ।

**गर्मीमा व्यायाम गर्दा होस पुऱ्याउने :** सकेसम्म कम गर्मी भएको बेला (बिहान) हिँड्ने, व्यायाम अगाडि पछाडि गर्ने बेलामा पानी पिउने । बिहान वा साँझमा घर बाहिरको काम वा व्यायाम गर्न सकिन्छ ।

**सकभर घरभित्रै बस्ने :** गर्मीको मौसममा चर्को घाममा लागेका बेला घर बाहिर निस्कनु स्वास्थ्यका लागि निकै जोखिम मानिन्छ । सकेसम्म घरभित्रै बस्नुपर्छ । यदि घरभित्रै बस्दा पनि दिउँसो घामतिर पर्ने झ्याल र ढोका बन्द गर्नुपर्छ र बाक्लो पर्दा लगाउनुपर्छ । सकेसम्म भित्र बत्ती पनि बाल्नुहुँदैन । निस्कनै पर्ने अवस्थामा टोपी वा छाता लिएर या बिहान-बेलुकीको समयमा निस्कनुपर्छ ।

**चर्को घामबाट बच्ने :** दिउँसोको सूर्यको किरणबाट बच्नुपर्छ । अति बढी परिश्रम पर्ने कामहरू कम गर्नपर्छ । बाहिर निस्कने बेलामा छाता, टोपी, चश्मा, पातलो तथा खुकुलो कपडा र सन स्क्रिनको प्रयोग गर्न सकिन्छ ।

**उपयुक्त कपडा प्रयोग गर्ने :** जोखिम समूहका व्यक्तिहरूले बढी गर्मीमा हल्का लुगा लगाउनुपर्छ । सिन्थेटिक, नाइलन, पोलिस्टरको सट्टा सुतीका लुगा लगाउनुपर्छ । टाइट र गाढा रङका लुगा लगाउनु हुँदैन ।

यी माथि उल्लेख गरिएका विभिन्न उपायहरुका बारेमा सचेत र सजग हुन सकेमा गर्मी याममा हुनसक्ने जोखिमबाट बच्न सकिन्छ । अत्यधिक गर्मीका कारण यदि बेचैनी या असहज महसुस हुन्छ भने तत्काल रक्तचापको परीक्षण गराउनुपर्छ । यदि रक्तचाप उच्च छ भने तत्काल डाक्टरको परामर्श लिनुपर्छ ।

*(प्रस्तुत विचार वरिष्ठ मुटुरोग विशेषज्ञ डा अनिलसँग पत्रकार कृष्ण अधिकारीले गरेको कुराकानीमा आधारित छ ।)*

## सामाजिक सञ्जाल



**- डम्मर खतिवडा**

कम्युनिस्ट एकता, बामगठबन्धन र ओली राष्ट्रवादको ज्वरोले २०७० को दशक खेर गयो । फेरि यो 'अखण्ड भारत' र 'ग्रेटर नेपाल'को लफडामा ८० को दशक खेर नफालौं । हाम्रो प्राथमिकता यतिखेर विकास, सुशासन, रोजगार, गरिबी न्यूनिकरण र सार्थक समावेशितातिर हुनपर्छ । मिथकीय संघर्षले उपन्यास बन्छ, इतिहास होइन ।



**- प्रेम घर्ती मगर**

सशस्त्र द्वन्द्वका बेलामा आफूलाई 'कुनै पनि धर्म नमान्ने' व्यक्तिका रूपमा प्रचार गर्ने र पार्टीका कार्यकर्ताहरूलाई पनि त्यस्तै प्रशिक्षण दिने प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को पशुपतिनाथप्रतिको मोहलाई कसरी अर्थ्याउने ? कि धर्मको तुरुप फ्याँकेर आफूलाई सनातनी देखाउन खोजेका हुन् ?



**- शरदराज पाठक**

तीब्रतररूपमा बढ्दो पानीको संकटले भयावह स्थिति ल्याउँदैछ । देशभर पानीका प्राकृतिक मुहान कसरी सुकिरहेका छन् ? जल सतह किन गहिरिँदो छ ? जल पुनर्भरणका लागि तत्काल गर्नुपर्ने काम के के हुन् ? अधिकांश स्थानीय तह बेखबर छन् । राज्यको ठूलो परिणाममुखी पहल जरूरी छ ।



**- किशोर नेपाल**

सबै राजनीतिक दल फूटको धन्दामा लागेको देखिन्छन् । एमालेका क्रान्तिकारी युवानेता योगेश ओलीसँग असन्तुष्ट छन् । कांग्रेस सभापति देउवाविरुद्ध नेता शेखर र महामन्त्री गगन अन्योलमा देखिन्छन् । माओवादी, जसपा, नेसपा र राप्रपा - रोग सबैतिर देखिन्छ । नयाँ पार्टी रास्वपामा पनि मौसम तात्दैछ ।

# लोकतन्त्र र लुटतन्त्र

विचार



● चन्द्रबहादुर बस्याल

*पारदर्शिता, विधिको शासन, शक्ति विन्यास, नियन्त्रण र सन्तुलनयुक्त राज्य सञ्चालन लोकतन्त्रका मूलभूत सिद्धान्त हुन् । तर आज संरचनागत लुट लोकतन्त्रको अघोषित मान्यता बनेको छ । लोकतन्त्रमा कसैलाई पनि लुट्ने छुट हुँदैन, तर अहिले संसदीय शासकीय स्वरूप अस्तित्वमा रहेकोले लुटतन्त्र कायम छ ।*

लोकतन्त्र जनताको शासन हो । यो जनइच्छा र विधिद्वारा शासित हुने व्यवस्था हो । यसमा शासक र शासित वर्गमा विभाजन हुँदैन । उनीहरूबीचको सम्बन्ध र उत्तरदायित्व कानुनले निर्धारण गरेबमोजिम हुन्छ । असहमत हुन पाउनु लोकतत्व हो । लोकतन्त्रमा बहस गर्न पाइन्छ र फरक मत पनि उत्तिकै मात्रामा प्रस्तुत हुन्छ । फरक मतलाई सम्मान दिइन्छ । पैसा र शक्तिको आडमा सञ्चालन गरिने राजनीतिले जनताप्रतिको जिम्मेवारी बहन गर्न सकिँदैन । अराजक राजनीतिले पराकाष्ठा नाघेपछि विद्रोह हुने गर्दछ र समाज रूपान्तरणको दिशामा अघि बढ्छ ।

राज्यको सर्वोच्च स्थान जनतामा निहीत हुनु लोकतन्त्रको विशेषता हो । असल लोकतन्त्रमा हरेक परिवर्तनका अधिकार जनताको मतमा आधारित हुनुपर्छ । यसमा कुनै आदेश, सनक वा तजबिज चल्दैन, पूर्णतः लोकतान्त्रिक मूल्यमान्यताको आधारमा विधिअनुरूप सञ्चालित हुनु लोकतन्त्र हो । पुँजीवादले समाजवादसँगको टक्करमा विकसित गर्दै लगेको विषय हो लोकतन्त्र । लोकतन्त्रका लागि नभई नहुने केही सर्तहरू हुन्छन् । आधुनिक बजार अर्थतन्त्र तथा समाज कुनै प्रलोभनमा नपरी काम गर्न सक्ने, उच्च मनोबल भएको कर्मचारीतन्त्र, सेवा र प्रहरीउपर निर्वाचित पदाधिकारीको नियन्त्रण, बलियो बाह्य शक्तिको नियन्त्रण नभएको, उच्च गुणस्तरका राजनीतिज्ञ, आलोचना सहन सक्ने र गलती नदोहोऱ्याउने राजनीतिक संस्कार आदि ।

लोकतन्त्रका दुई प्रकारका रूप हुन्छन् । पहिलो, अप्रत्यक्ष लोकतन्त्र र दोस्रो, प्रत्यक्ष लोकतन्त्र । अप्रत्यक्ष लोकतन्त्रमा जनताद्वारा निर्वाचित जनप्रतिनिधिहरूले राज्य सञ्चालन गर्दछन् । अहिले नेपालमा अप्रत्यक्ष लोकतन्त्र अभ्यासमा छ । यसले दलाल पुँजीवादी संसदीय व्यवस्थालाई जन्म दिएको छ । पुँजीवादी अर्थव्यवस्थाकै कारण राष्ट्रिय अर्थतन्त्र धरासायी बन्दै गएको छ । कालोबजारी, तस्करी, भ्रष्टाचार, कमिशन, कृतिम अभाव र महँगीले जनजीवन अस्तव्यस्त बन्न पुगेको छ । प्रत्यक्ष लोकतन्त्रमा जनता स्वयम् सहभागी भई शासन सञ्चालन गर्दछन् । यसमा सुशासन हुने, जवाफदेहिता बढ्ने, भ्रष्टाचार नहुने, छोटो समयमै विकास र समृद्धि प्राप्त गर्न सकिने, राजनीतिक स्थिरता कायम रहने अवस्था हुन्छ । प्रत्यक्ष लोकतन्त्रमा कार्यकारी प्रमुख (राष्ट्रपति वा प्रधानमन्त्री)को व्यवस्था हुन्छ । नेपालका लागि उपयुक्त र उत्तम प्रणाली भनेको प्रत्यक्ष लोकतन्त्र हुनसक्छ ।

### संसदीय व्यवस्था र लोकतन्त्र

संसदीय व्यवस्था पुँजीवादी सत्ताको राजनीतिक स्वरूप हो । यो वास्तविक रूपमा जनताको व्यवस्था होइन । यो किसान, मजदुर र श्रमिकवर्गको स्वार्थ र हितमा संगठित र सञ्चालित लोकतन्त्र होइन । यो मूलरूपमा पुँजीपति वर्गको हितमा संगठित र सञ्चालित प्रजातन्त्र हो । संसदीय व्यवस्थाले जनतालाई भ्रम पस्केको छ भने आफ्नो शोषणलाई अक्षुण्ण राखेको छ । संशोधनवादीले संसदीय व्यवस्थालाई प्रगतिशील बताएर हरतरहले त्यसको रक्षा गर्ने कसरत गर्दै आएका छन् । संसदीय व्यवस्था भनेको पुँजीपतिवर्गको अधिनायकत्वको साधन हो । संसदीय बाटोबाट न वास्तविक शक्ति सञ्चय नै सम्भव छ, न प्रगतिशील सुधार नै सम्भव छ । यसमा दण्डहीनता, भ्रष्टाचार र कुशासन एकमुष्ट रूपमा गाँठो परेर बसेको हुन्छ । सिद्धान्त, नैतिकता, निष्ठा इमान्दारीता र समर्पण जस्ता राजनीतिका माननीय गुण निरीह वा समाप्त हुँदै संसदीय व्यवस्थामा शक्ति र पैसाको बोलवाला बढेर गएको छ । संरचनागत र संस्थागत भ्रष्टाचार संसदीय व्यवस्थाको अघोषित विशेषता बन्न पुगेको छ । आमनागरिक र आउँदो पुस्ताको भाग्य र भविष्य बिगार्ने संसदीय व्यवस्थाप्रतिको वितृष्णा अहिले छताछुल्ल भएको छ ।

### लुटतन्त्रको राज


पारदर्शिता, विधिको शासन, शक्ति विन्यास, नियन्त्रण र सन्तुलनयुक्त राज्य सञ्चालन लोकतन्त्रमा हुन्छन् । संरचनागत लुट लोकतन्त्रको अघोषित रूप बन्नु बिडम्बना हो । भ्रष्टाचार आफैमा नदेखिने हिंसा हो । जसलाई नियन्त्रणमा राख्न नसक्नु भनेको लुटतन्त्रको राज कायम रहनु हो । लोकतन्त्रमा कसैलाई पनि लुट्ने छुट हुँदैन, तर अहिले संसदीय शासकीय स्वरूप अस्तित्वमा रहेकोले लुटतन्त्र कायम छ । समाजमा मानवले मानवमाथि लुटतन्त्र मच्चाईरहन्छ भने त्यसको पर्दाफास गर्नु जरुरी हुन्छ ।

नेपालमा लाउडा काण्ड, सुन काण्ड, मेलम्ची, ओम्नी, सेक्युरिटी प्रेस, यति, ललिता निवास, वाइड बोडी, नेरो बोडी जस्ता थुप्रै काण्डहरू छन् । नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने ठगी धन्दामा करोडौं रकम कुम्ल्याउने काम भएको छ । यी लुटतन्त्रका फाइलहरू अब जनताले खोल्नका लागि व्यापक दबाव दिनुपर्ने बेला आएको छ । राजनीति भनेको नैतिक धरातलमा उभिएर जनताप्रति समर्पित भई काम गर्ने संस्कार हो । यो संस्कारलाई स्थापित गर्न लुटतन्त्रको अन्त्य हुनु जरूरी छ । अहिलेको संसदीय व्यवस्थाको विकल्पमा समाजवादी व्यवस्था स्थापना गर्न सकेमा यो सम्भव छ, त्यसतर्फ हामी सबै लागौं ।

*(लेखक बस्याल, क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका नेता हुन् ।)*

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | दिखावा गर्नु हुँदैन । शक्ति लगाएर कार्य गर्न होला । |
| वृष | : | प्रभावमा वृद्धि हुनेछ । सुखद समाचार प्राप्त हुनेछ । |
| मिथुन | : | आजको दिन सामान्यरूपमा जानेछ । इच्छामाथि नियन्त्रण राख्नुहोला । |
| कर्कट | : | नयाँ साथी बन्नेछन् । कर्मचारीहरुमाथि नजर राख्नुपर्छ । |
| सिंह | : | शान्तिपूर्वक कार्य गर्नु होला । विरोधी परास्त हुनेछन् । |
| कन्या | : | व्यापारिक कार्यहरुमा प्रगति र प्रभाव बढ्नेछ । |
| तुला | : | यात्रा सफल हुनेछ । आनन्दमा वृद्धि हुनेछ । |
| वृश्चिक | : | अनावश्यक जिम्मेवारी लिनु हुँदैन । कार्यहरुमा वृद्धि हुनेछ । |
| धनु | : | पैतृक सम्पत्ति प्राप्तिको योग छ । स्वास्थ्य राम्रो रहनेछ । |
| मकर | : | सबै कार्यमा धैर्य राख्नुहोला । स्वास्थ्य कमजोर हुनेछ । |
| कुम्भ | : | महत्वपूर्ण भेटघाट सफल हुनेछ । स्वास्थ्य लाभ हुनेछ । |
| मीन | : | धैर्यमा वृद्धि र दैनिक सबै कार्यमा सफलता प्राप्त हुनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



## रौतहट डायरी

सत्येन्द्र प्रताप सिंह/मध्यान्ह

# चन्द्रनिगाहपुर खानेपानीमा किशोर उपाध्यायको प्यानल विजयी



रौतहटको चन्द्रनिगाहपुर खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको निर्वाचनमा किशोर प्रसाद उपाध्यायको प्यानल विजयी भएको छ । जनज्योति बहुमुखी क्यापसमा सम्पन्न निर्वाचनमा ६ सय ६७ मत प्राप्त गरी उपाध्याय विजय भएका हुन् । यस्तै उनका प्रतिद्वन्द्वी लेखनाथ कोइरालाले ३ सय ३१ मत प्राप्त गरे ।

उपाध्यक्षमा भने डोल बहादुर ठाडा मगर ६ सय ४०, अवधेश हरी भट्टराई ६ सय ५१, कोषाध्यक्षमा बिनिता बखेल ६ सय ५५, सदस्यमा बृजेशप्रसाद साह ६ सय ४६, प्रहलाद मैनाली ६ सय ४२, दुर्गाप्रसाद हुमागाईं ६ सय ४२, रामप्रसाद साह ६ सय १३, बलराम सापकोटा ६ सय ४७ र भरतप्रसाद अधिकारी ६ सय ४६ मत प्राप्त गरी विजय भएका छन् । यस्तै महिला सदस्यमा विजयी भएका रत्न कुमारी खड्काले ६ सय ३१, कल्पना दाहालले ६ सय १८ र जानुका तिमलसिनाले ६ सय १२ मत प्राप्त गरेका छन् ।

खानेपानी उपभोक्ता २८ सय भन्दा बढी रहेको भएपनि फागुनसम्म महसुल तिर्ने जम्मा १८ सय ६३ उपभोक्ता रहेका छन् । फागुनसम्म महसुल तिर्नेहरुले मात्र चुनावमा भाग लिन पाएका थिए ।

आइतबार सम्पन्न चुनावमा १८ सय ६३ मतदातामध्ये जम्मा १ हजार २७ मतदाता मात्र मतदानमा सहभागी भएका थिए । सबैभन्दा बढी वडा नं. ४ बाट ४ सय ३५ र सबैभन्दा कम वडा नं. ६ बाट २ सय ३८ मत खसेको थियो भने वडा नं. ५ बाट ३ सय ५४ मत खसेको निर्वाचन समितिका संयोजक कृती सुवेदीको भनाइ छ ।

निर्वाचनमा नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा एकीकृत समाजवादीलगायतका दल मिलेर बाम लोकतान्त्रिक समूहबाट किशोर प्रसाद उपाध्याय नेतृत्वको समूहले उम्मेदवारी दिएको थियो भने स्वतन्त्रबाट लोकनाथ कोइराला प्यानलको उम्मेदवारी परेको थियो ।

विजयी भएपश्चात अध्यक्ष उपाध्यायले आम उपभोक्तालाई हार्दिक आभार प्रकट गर्दै चन्द्रनिगाहपुर खानेपानीको स्तरोन्नतिका लागि योजनाबद्धरूपमा क्रियाशील हुने प्रतिबद्धता व्यक्त गरे ।

# फतुवाबिजयपुरको सामुदायिक विद्यालयका विद्यार्थीलाई झोला वितरण



रौतहटको फतुवाबिजयपुर नगरपालिकाको एक समुदायिक विद्यालयका विद्यार्थीलाई झोला वितरण गरिएको छ । सो नगरपालिकाको वडा नं ८ मा रहेको श्री मावि बिजयपुरमा अध्ययरत कक्षा १ देखि ५ सम्मका छात्रछात्राहरुलाई स्कुल ब्याग वितरण गरिएको हो ।

सो नगरपालिकाकी कार्यवाहक नगर प्रमुख अम्बेया खातुनले समुदायिक विद्यालयका विद्यार्थीलाई झोला वितरण गरिन् । श्री मावि बिजयपुरका १ सय ९९ विद्यार्थीहरुलाई झोला वितरण गरिएको प्रधानाध्यापक शंकर यादवले जानकारी दिए । आफनो व्यक्तिगत तर्फबाट मेयर खातुनले झोला वितरण गरेकी हुन् । फतुवा बिजयपुरको अन्य सामुदायिक विद्यालयमा पनि झोला वितरण गर्ने योजना रहेको उनले बताइन् । शिक्षाको स्तर र विद्यार्थीहरुलाई विद्यालयमा नियमित गराउने उद्देश्यले झोला वितरण गरिएको कार्यवाहक मेयर खातुनको भनाइ छ ।

गरिब तथा विपन्न परिवारका विद्यार्थीले स्कुल ब्यागको अभावमा कापी, किताब बोक्न समस्या भएकाले व्याग वितरण गरिएको उनले बताइन् ।

सो अवसरमा प्रदेश सांसद प्रत्यासी मो. शेराज, कार्यपालिका सदस्य उमाशंकर जयसवाल, समाजसेवी राजा हुसेन, परमेश्वर यादव, विद्यालयका शिक्षक, शिक्षिका, विद्यार्थी तथा सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो ।


## नेपाल सरकार
### उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७९/०२/१३ मा दर्ता भएको प्रा.लि.नं. २९१२५२ को मतिना वेलनेस केयर प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०८०/०१/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **नेपाल एच.आर. सोलुशन प्रा.लि.** श्रम इजाजत पत्र न. १०८२/०७३/०७४ मा कार्यरत निम्न कर्मचारी यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १. | रोषन खड्का | Public Representative Office | 9861125643 |

**Nepal HR Solution Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: १०८२/०७३/०७४
Sinamangal-09, Kathmandu, Nepal, Tel.: 01-4593554
Email :- snepalhr@gmail.com

## यूरोपा स्पोर्टस् एण्ड फिल्मस् प्रा.लि.को खारेजी (लिक्वेडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना

कम्पनी ऐन, २०६३, बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा मिती २०७६/०४/१७ गतेका दिन **यूरोपा स्पोर्टस् एण्ड फिल्मस् प्रा.लि.**को नामबाट दर्ता भएको दर्ता नं.२२०२४५ कम्पनीको मिति २०८०/०२/२८ मा बसेको बिषेश साधारण सभाले कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम कम्पनीलाई स्वेच्छिक रुपमा खारेजी गर्ने बिशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोही कसैको कुनै बाँकी वक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सवुद प्रमाण सहित यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफै वा प्रतिनिधि मार्फत हकदाबी गर्न निम्न लिखित लिक्वडेटरको कार्यालयमा सम्पर्क राख्न हुन सुचित गरिन्छ ।

**लिक्वीडेटर:** दिलिप कुमार सिग्देल — **इजाजत प्र.प.नं. :** ४१३
**ठेगाना:** त्रिपुरेश्वर, काठमाडौं — **मोबाइल नं. :** ९८५१०५६७८०



## कुवेत र यूएईमा रोजगारको अवसर

१. कम्पनी : RETAJ FOR SWEETS & PASTRIES CO. (RATAJ CO.FOR SWEETS & PASTRY) — शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०७८/०७/२८ — चलानी नं.: ६०१६७५४७ — L.T. No.:250002 — पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laborer | 1 | 1 | सम्बन्धित काममा दक्ष | 120 | ५१,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा मिति २०८० असार ५ गते (20 June 2023) मा हुनेछ ।

२. कम्पनी : ANCHOR ALLIED FACTORY LLC — शहर : Sharjah
पूर्व स्वीकृत मिति: २०८०/०२/२९ — चलानी नं.: ६०२०३०३२ — L.T. No.:287667

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ORDINARY LABOR | 50 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २८,६७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा मिति २०८० असार ५ देखि ११ गते सम्म (20 to 26 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**AMAN OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 1262/074/075
Ratopul-30, Kathmandu, Nepal, Tel.: 01- 4512370, 4512377, 9802749215
Email.: info@amanoverseas.com.np, Web.: www.amanoverseas.com.np

## मलेसियामा रोजगार

कम्पनी : CHEMLITE TECHNOLOGY SDN BHD — शहर : Malaysia,PULAU PINANG
पूर्व स्वीकृत मिति: २०७९/०६/०६ — चलानी नं.: ६०१८८१८० — LT. No.: 272275 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory workers | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा मिति २०८० असार ५ गते (20 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**क्याराभान इम्प्लोइमेन्ट सर्भिसेस प्रा. लि.**
श्रम इजाजत नं. ३६३/०५९/०६०
बसुन्धारा, काठमाडौं, फोन: ०१-४०१६९९१, ४०१६९९२
E-mail: caravanwithyou@gmail.com| Website: www.caravannepal.com

## मलेसियामा रोजगार

कम्पनी : TECHNITEC ENGINEERING SDN BHD — शहर: MALAYSIA, Johor
पूर्व स्वीकृत मिति: २०८०/०२/२९ — चलानी नं.: ६०२०३००९ — LT. No.: 287631

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : KITZUTECH SDN.BHD. — शहर: MALAYSIA, Johor
पूर्व स्वीकृत मिति: २०८०/०२/२९ — चलानी नं.: ६०२०३००८ — LT. No.: 287646

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०८० असार ५ गते (20 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Apollo Manpower Services Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: २२/०४८/०४९
Pinglasthan-9, Gausala, Kathmandu, Tel: 5901748 Fax: 4490042
E-mail : amps@mos.com.np, info@apollomanpower.com
apollomanpower2017@gmail.com, Web : apollomanpower.com

## OMAN मा रोजगारको अवसर

१. कम्पनी : MOHAMMED AL JALANDANI TRADING — शहर: BARKA
पूर्व स्वीकृत मिति: २०८०/०२/२९ — चलानी नं.: ६०२०३०३८ — LT. No.: 287669

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | OR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 2 | 0 | स. काममा दक्ष | 140 | ४७,९७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : ALMUDHA AL MASIAH — शहर: SUR
पूर्व स्वीकृत मिति: २०८०/०२/२९ — चलानी नं.: ६०२०३०३७ — LT. No.: 287668

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | OR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salse Man | 1 | 0 | स. काममा दक्ष | 140 | ४७,९७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८० असार ५ गते (20 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Aslesha International Pvt. Ltd.**
श्रम इजाजत नं. १४०२/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-4016608, 4016608, Mob: 9818330451,9815926684, 9808156040 | Email: aslesha.intl@gmail.com, aslesha.international@gmail.com

## MALAYSIA मा रोजगार

१. कम्पनी : EMPIRE SUSHI SDN BHD — शहर: Jalan
पूर्व स्वीकृत मिति: २०७९/०३/०५ — चलानी नं.: ६०१८१३६५ — LT. No.:265370 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

## कतारमा रोजगार

कम्पनी : AL SIYADAH TRADING CLEANING AND HOSPITALITY — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८०/०२/१३ — चलानी नं.: ६०२०२१०५ — LT. No.:286722 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Foreman | 3 | 0 | सम्बन्धित काममा दक्ष | 3500 | १२६,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Supervisor | 3 | 0 | | 3500 | १२६,३५० | | | | | | | |
| 3. | Labour | 2 | 0 | | 1200 | ४३,३२० | | | | | | | |

## बहराइन रोजगारको अवसर

१. कम्पनी: SAYED KADHEM AL DURAZI & SONS B.S.C(C) — शहर: BAHRAIN
पूर्व स्वीकृत मिति: २०७९/१२/२२ — चलानी नं.: ६०१९९४७० — L.T. No.: 284032 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | BD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bulldozer Operator | 5 | 0 | स. काममा दक्ष | 150 | ५२,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Excavator Operator | 20 | 0 | | 150 | ५२,२९० | | | | | | | |
| 3. | Finishing Carpenter | 5 | 0 | | 130 | ४५,३१८ | | | | | | | |
| 4. | Grader Operator | 5 | 0 | | 150 | ५२,२९० | | | | | | | |
| 5. | Heavy Driver | 40 | 0 | | 150 | ५२,२९० | | | | | | | |
| 6. | Labour | 20 | 0 | | 100 | ३४,८६० | | | | | | | |
| 7. | Mobile Crane Operator | 10 | 0 | | 200 | ६९,७२० | | | | | | | |
| 8. | Rigger | 5 | 0 | | 100 | ३४,८६० | | | | | | | |
| 9. | Scaff Older | 10 | 0 | | 120 | ४१,८३२ | | | | | | | |
| 10. | Shovel Operator | 20 | 0 | | 150 | ५२,२९० | | | | | | | |
| 11. | Spray Painter | 5 | 0 | | 130 | ४५,३१८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा मिति २०८० असार ५ गते (20 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले ब्यहोर्ने | रु. ७००/- कामदारले ब्यहोर्ने | रु. १,५००/- कामदारले ब्यहोर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.**
श्रम इजाजत पत्र नं. ७१३/०६४/०६५
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ४५६५३९४, ४५६५४९४, मो. : ९८२३३२३५७७
E-mail: threebrothershrrec@gmail.com

## कुवेतमा रोजगार

कम्पनी: MAYAR KITCHEN RESTAURANT CO FOR LEBANESE FOOD. — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०७९/१२/२८ — चलानी नं.: ६०१९९८७७ — L.T. No.: 284584 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Indoor) | 36 | 0 | सम्बन्धित काममा दक्ष | 85 | ३६४३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 5 | 0 | | 130 | ५५७२१ | | | | | | | |
| 3. | Cook | 2 | 0 | | 160 | ६८५८० | | | | | | | |
| 4. | Cleaner | 0 | 5 | | 100 | ४२८६३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८० असार ५ गते (20 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**DEEP JYOTI MANPOWER SERVICE PVT. LTD**
श्रम इजाजत नं. ११३६/०७३/०७४
Sinamangal-9 (Near Prakash Ashram), Kathmandu, Tel: 01-4492910, Mob: 9844323964, 9808046424 Fax: 4490678
Email: deepjyotimanpower1136@gmail.com, info@deepjyotimanpower.com.np, Web.: www.deepjyotimanpower.com.np

## KUWAIT र UAE मा रोजगारको अवसर

१. कम्पनी: AGTHIA GENERAL TRADING & CONTRACTING — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८०/०२/२९ — चलानी नं.: ६०२०३००६ — L.T. No.:287633

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 100 | 0 | सम्बन्धित काममा दक्ष | 160 | ६८,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 100 | 0 | | 150 | ६४,२९४ | | | | | | | |

२. कम्पनी: WEST COAST SAUBERMACHER ENVIRONMENT SERVICE CO. LLC — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०२/२९ — चलानी नं.: ६०२०३००७ — L.T. No.:287636

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 50 | 0 | स. काममा दक्ष | 800 | २८,६७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय कुपन्डोल, ललितपुरमा २०८० असार ५ गते (20 June 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**AIR KINGS PLACEMENT PVT. LTD.**
साविक (VRINDIT SERVICES PVT. LTD.)
AKP Gov. Lic. No. 712/064/065
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196

## साउदीमा रोजगार

१. कम्पनी: AZOUM AL SHAMAL CONTRACTING EST — शहर : SAUDI
पूर्व स्वीकृत मिति: २०७९/१२/०९ — चलानी नं.: ६०१९८६७० — LT. No.:283324 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HEAVY TRUCK DRIVER | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६३,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Construction Worker | 4 | 0 | | 1000 | ३५,१०० | | | | | | | |

२. कम्पनी : AL YAMAMA COMPANY FOR TRADING & CONTRACTING — शहर : Riyadh
पूर्व स्वीकृत मिति: २०७९/११/२१ — चलानी नं.: ६०१९७५९८ — LT. No.: 282137 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 19 | 0 | स. काममा दक्ष | 1800 | ६३,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा मिति २०८० असार ६ गते (21 June 2023) मा हुनेछ ।

## मलेशियामा रोजगार

कम्पनी: AUTO PARTS MANUFACTURERS CO. SDN.BHD. — शहर : Selangor
पूर्व स्वीकृत मिति: २०७९/०५/०१ — चलानी नं.: ६०१८५६०० — LT. No.:269754 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 23 | 0 | स. काममा दक्ष | 1500 | ४२,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

